**गौशाला नगरपालिका**

# स्थानीय राजपत्र

खण्डः १०　　　　संख्याः ३　　　　मितिः २०८३।०२।२७ गते

**भाग-२**

**गौशाला नगरपालिका**

## संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३

गौशाला नगरपालिका क्षेत्रभित्र सञ्चालित संस्थागत शिक्षण संस्थाहरूको माध्यमिक तह (कक्षा ११ र १२) मा छात्रवृत्तिमा अध्ययन गर्ने विपन्न, जेहेन्दार तथा आरक्षित समूहका विद्यार्थीहरूलाई पारदर्शी, निष्पक्ष र व्यवस्थित ढंगले छनोट गरी मनोनयन गर्नका लागि गौशाला नगरपालिकाको शिक्षा ऐन, २०८० को दफा ४७ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३

**१. प्रस्तावनाः**

गौशाला नगरपालिका क्षेत्रभित्र सञ्चालित संस्थागत शिक्षण संस्थाहरूको माध्यमिक तह (कक्षा ११ र १२) मा छात्रवृत्तिमा अध्ययन गर्ने विपन्न, जेहेन्दार तथा आरक्षित समूहका विद्यार्थीहरूलाई पारदर्शी, निष्पक्ष र व्यवस्थित ढंगले छनोट गरी मनोनयन गर्नका लागि गौशाला नगरपालिकाको शिक्षा ऐन,२०८० को दफा ४७ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम **"संस्थागत विद्यालय मा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८३"** रहनेछ ।
२. यो कार्यविधि गौशाला नगरपालिकाले स्वीकृत गरेको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. छात्रवृत्ति व्यवस्थापन समितिः** (१) छात्रवृत्ति वितरण तथा व्यवस्थापनको लागि देहाए बमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ :

क. स्थानीय तहको प्रमुख — अध्यक्ष

ख. स्थानीय तहको प्रमुखले मनोनयन गरेका १ जना महिला सहित २ जना कार्यपालिका सदस्य —सदस्य

ग. दलित वा अपांगता वा मानवीय सेवाको क्षेत्रमा काम गरेको संस्थाका प्रतिनिधि प्रमुखले मनोनयन गरेको एक जना — सदस्य

घ.स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिब

**४. छात्रवृत्ति व्यवथापन समितिको काम , कर्तव्य र अधिकारः** (१) छात्रवृत्ति व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ :

क. छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने विद्यार्थीको पहिचान तथा छनौट गर्ने

ख. छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसरको न्यायोचित वितरण गर्ने,

ग. छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसर लक्षित बालबालिकाले प्राप्त गरे वा नगरेको अनुगमन गर्ने वा गराउने,

घ. छात्रवृत्ति परिक्षा समितिले सिफारिस गरेका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने,

ङ. छात्रवृत्तिको विद्यार्थी छनौट गर्ने उप समिति बनाई परिक्षा संचालन गर्ने गराउने,

च. परिक्षा संचालनको लागि आवश्यक सेवा सुविधा तोकी जनशक्ति परिचालन गर्ने,

**५. छात्रवृत्ति परीक्षा सम्बन्धी व्यवस्था: (**१) छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन, प्रवेशपत्र, परीक्षा सञ्चालन देहायबमोजिम हुनेछ:

क. गौशाला नगरपालिकाको आधिकारिक वेबसाइट को अनलाईन पोर्टलबाट आवेदन, प्रवेश पत्र र परिक्षा सम्बन्धि सम्पूर्ण कार्य हुनेछ ।

ख. परिक्षाको मिति र समयमा अनलाइन माध्यमबाट नै संचालन गरिनेछ ।

ग. परिक्षा संचालनको लागि नगरपालिकाले अनलाईन प्रणालीको विकास गरि लागु गर्न सक्नेछ ।

**६. शैक्षिक कार्यक्रम, विषय र विद्यालय प्राथमिकताक्रम**

१. यो छात्रवृत्ति परीक्षा गौशाला नगरपालिका अन्तर्गत सञ्चालित कक्षा ११ र १२ भएका संस्थागत विद्यालयहरूका लागि मात्र लागू हुनेछ ।

२. छात्रवृत्ति परीक्षा देहायका विषयहरूका लागि सञ्चालन गरिनेछ:

- व्यवस्थापन (Management)
- मानविकी (Humanities)
- शिक्षा (Education)
- कानुन (Law)
- विज्ञान (**Science)**

३. कुनै पनि विद्यार्थीले माथि उल्लेखित विषयहरूमध्ये **कुनै एक विषयमा मात्र** आवेदन फाराम भर्न पाउनेछन् ।

४. विद्यार्थीले अनलाइन फाराम भर्दाका बखत नै आफूले अध्ययन गर्न चाहेको विषयअनुसार उपलब्ध विद्यालयहरूको प्राथमिकताक्रम (Priority Order) अनिवार्य रूपमा निर्धारण गर्नुपर्नेछ । विद्यार्थीले छनोट गरेको प्राथमिकताक्रमका आधारमा मात्र पछि विद्यालय मनोनयन गरिने भएकाले अध्ययन गर्न चाहेका सबै विद्यालयहरू होसियारीपूर्वक छनोट गर्नुपर्नेछ ।

**७. न्यूनतम योग्यता र मापदण्ड: (१)** छात्रवृत्ति परीक्षामा सहभागी हुनका लागि आवेदकले देहायबमोजिमको न्यूनतम योग्यता पूरा गरेको हुनुपर्नेछ:

क. अघिल्लो शैक्षिक सत्र को SEE परीक्षामा सहभागी भई ग्रेड प्राप्त (Graded) गरेको हुनुपर्नेछ ।

ख. नेपालभरका सामुदायिक विद्यालयबाट अध्ययन गरी SEE पूरा गरेको, वा

ग. गौशाला नगरपालिकाको स्थायी बासिन्दा भई संस्थागत विद्यालयमा पढेको, वा

घ. नेपालभरका संस्थागत विद्यालयमा कक्षा १० सम्म अध्ययन गरेको हुनु पर्नेछ ।

## ८ . छात्रवृत्ति कोटा र सिट निर्धारण मापदण्ड

१. संस्थागत विद्यालयहरूमा कुल भर्ना भएका विद्यार्थी संख्याको आधारमा देहायबमोजिम न्यूनतम छात्रवृत्ति सिट उपलब्ध गराउनुपर्नेछ:

| क्र.सं. | विद्यालयको कुल विद्यार्थी संख्या | उपलब्ध गराउनु पर्ने न्यूनतम छात्रवृत्ति प्रतिशत |
|---|---|---|
| १ | ५०० जनासम्म विद्यार्थी भएका विद्यालय | कम्तीमा १० (दश) प्रतिशत |
| २ | ५०० देखि ८०० जनासम्म विद्यार्थी भएका विद्यालय | कम्तिमा १२ (बाह्र) प्रतिशत |
| ३ | ८०० भन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालय | कम्तीमा १५ (पन्ध्र) प्रतिशत |

## ९. छात्रवृत्ति सिट वितरणको लक्षित समूहगत विभाजन

९.१. दफा ८ बमोजिम विद्यालयहरूबाट प्राप्त हुने जम्मा छात्रवृत्ति संख्यालाई शतप्रतिशत (१००%) मानी देहायबमोजिमको वर्गीकरणका आधारमा सिट वितरण गरिनेछ:

| क्र.सं. | लक्षित/आरक्षित समूह | सिट प्रतिशत |
|---|---|---|
| १ | सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरू | ३५ प्रतिशत |
| २ | संस्थागत विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरू | १० प्रतिशत |
| ३ | गौशाला नगरपालिकाभित्र स्थायी बसोबास भएका (सामुदायिक र संस्थागत दुवैका) विद्यार्थीहरू | २० प्रतिशत |
| ४ | सामुदायिक विद्यालयबाट SEE दिएका विद्यार्थीहरूका लागि थप आरक्षित समूह (विवरण देहाय बमोजिम) | ३५ प्रतिशत |

## ९.२. सामुदायिक विद्यालय तर्फको आरक्षित (३५ प्रतिशत) सिटको आन्तरिक विभाजन

दफा ९ को १ को क्र.सं. ४ मा रहेको ३५ प्रतिशत सिटलाई पुनः शतप्रतिशत (१००%) मानी सामुदायिक विद्यालयबाट SEE दिएका विद्यार्थीहरूका बीच मात्र देहायबमोजिम प्रतिस्पर्धा गराई आरक्षण सिट वितरण गरिनेछ:

| क्र.सं. | आरक्षण उप-समूह | प्रतिशत |
|---|---|---|
| १ | छात्रा | ३३ प्रतिशत |
| २ | आदिवासी/जनजाति | १७ प्रतिशत |
| ३ | मधेसी | १५ प्रतिशत |
| ४ | खस आर्य | १२ प्रतिशत |
| ५ | दलित | ९ प्रतिशत |
| ६ | मुस्लिम | ५ प्रतिशत |
| ७ | थारु | ३ प्रतिशत |
| ८ | अपाङ्गता भएको व्यक्ति | ४ प्रतिशत |
| ९ | शहीद/बेपत्ता परिवार, जनआन्दोलनका घाइते योद्धाका परिवार, द्वन्द्व पीडित तथा नदी किनाराका विस्थापित परिवार | २ प्रतिशत |

**९.३.** आरक्षण क्षेत्र वा कुनै सिटमा तोकिएबमोजिमको संख्यामा विद्यार्थी उपलब्ध नभएमा त्यस्ता सिटहरू क्रमशः अन्य समूहमा रूपान्तरण गरिनेछ ।

## १०. परीक्षाको पाठ्यक्रम र मूल्याङ्कन प्रणाली

१. कक्षा १० को पाठ्यक्रममा आधारित भई प्रश्नहरू सोधिनेछन् ।
२. कुल १०० पूर्णाङ्कको परीक्षामा देहाय बमोजिमका अनिवार्य विषयहरूबाट वस्तुगत बहुवैकल्पिक (MCQ) प्रश्नहरू सोधिनेछन्:
   - अनिवार्य गणित: ३० प्रश्न (३० अङ्क)
   - विज्ञान तथा प्रविधि: ३० प्रश्न (३० अङ्क)
   - सामाजिक अध्ययन: २० प्रश्न (२० अङ्क)

- अङ्ग्रेजी: १० प्रश्न (१० अङ्क)
- नेपाली: १० प्रश्न (१० अङ्क)

३. प्रश्नपत्र अङ्ग्रेजी  र नेपाली दुवै भाषामा तयार गरिनेछ ।
४. परीक्षा तोकिएको मिति र समयमा अनलाईन पोर्टल माध्यममा हुनेछ ।
५. गलत उत्तरका लागि कुनै पनि अङ्क कट्टा (Negative Marking) गरिने छैन ।
६. छात्रवृत्ति परीक्षा उत्तीर्ण हुन न्यूनतम ४० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ । तर उत्तीर्ण हुँदैमा छात्रवृत्ति सुनिश्चित हुने छैन; छात्रवृत्ति  वितरण पूर्ण रूपमा योग्यताक्रम र सिट संख्याका आधारमा गरिनेछ ।

**११. नतिजा प्रकाशन, मनोनयन तथा  भर्ना प्रक्रिया**

१. परीक्षा सम्पन्न भएपछि अनलाईन पोर्टलको system बाटै परिक्षण गरि नतिजा प्रकाशन गरिनेछ।
२. अन्तिम नतिजा प्रकाशन गर्दा  विद्यार्थीले फाराम भर्दा रोजेको विषय र विद्यालयको प्राथमिकताक्रम (Priority Order) का आधारमा योग्यताक्रम मिलाएर विद्यालयगत भर्ना सूची (Admission List) सार्वजनिक गरिनेछ ।
३. पूर्व मनोनयन (Pre-nomination) सूचीमा परेका विद्यार्थीहरूले सम्बन्धित विद्यालय वा कलेजमा सूचना प्रकाशित भएको **३ (तीन) दिन भित्र** अनिवार्य रूपमा भर्ना भइसक्नुपर्नेछ ।
४. तोकिएको समयभित्र भर्ना नभई रिक्त रहेका सिटहरूमा पुनः योग्यताक्रमकै आधारमा दोस्रो सूची प्रकाशन गरिनेछ । दोस्रो सूचीबाट पनि सिट रिक्त रहेमा बाँकी रहेका उम्मेदवारहरूका बीच "Wrap-up" कोटा अन्तर्गत पुनः रोजाइको अवसर दिई मनोनयन गरिनेछ ।
५. नगरपालिकाले छात्रवृत्तिको अन्तिम नतिजा प्रकाशन गर्नु अगावै यदि कुनै विद्यार्थी आफ्नै खुसीले शुल्क बुझाई कलेजमा भर्ना भइसकेको रहेछ र पछि नगरको छात्रवृत्तिमा छनोट भएमा, पहिले बुझाएको शुल्क फिर्ता गर्न सकिनेछ  । साथै त्यस्ता विद्यार्थीलाई अर्को विद्यालयमा स्थानान्तरणका लागि नगरपालिकाले सहजीकरण गर्नेछ ।

**१२. पुनर्योग (Re-totaling) सम्बन्धी व्यवस्था**

प्रकाशित नतिजामा चित्त नबुझेमा वा आफ्नो नाम योग्यता सूचीमा समावेश नभएको खण्डमा परीक्षार्थी स्वयं उपस्थित भई तोकिएको दस्तुर बुझाएको बैंक भौचर र प्रवेशपत्रको प्रतिलिपि संलग्न राखी अनुसूची-२ को ढाँचामा छात्रवृत्ति परीक्षा समिति समक्ष पुनर्योगका लागि निवेदन दिन सक्नेछन् ।

**१३ . बाधा अड्काउ फुकाउ र खारेजी**

१. यस कार्यविधि प्रयोग गर्दा कुनै द्विविधा वा समस्या उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

२. यो कार्यविधिमा भएको व्यवस्था संघीय ऐन कानुनसंग बाझिएको हदसम्म लागु हुनेछैन ।

३. अन्य ऐन कानुनले खारेज नगर्दा सम्म यो कार्यविधि लागु हुनेछ ।

## अनुसूची-१: सामुदायिक विद्यालय सम्बन्धी सिफारिस पत्रको ढाँचा

(स्थानीय तह वा शिक्षा विकास तथा समन्वय इकाइको लेटरहेडमा)

**जो जससँग सम्बन्धित छ,**

............ जिल्ला ............ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका स्थायी ठेगाना भएका श्री ....................................... का छोरा/छोरी ....................................... ले यस ....................................... सामुदायिक विद्यालय (IEMIS Code No: ............ ) मा कक्षा १० मा अध्ययन गरी एस.ई.ई. (SEE) पूरा गरेको व्यहोरा प्रमाणित गर्दछु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानुनबमोजिम सहुँला/बुझाउँला ।

| **विद्यार्थीको विवरण:** | **प्रधानाध्यापकको विवरण:** |
|---|---|
| नाम, थर: ........................ | नाम, थर: ........................ |
| स्थायी ठेगाना: ........................ | विद्यालयको नाम: ........................ |
| सम्पर्क नम्बर: ........................ | सम्पर्क नम्बर: ........................ |
| दस्तखत: ........................ | दस्तखत र छाप: ........................ |

---

**स्थानीय तह / शिक्षा इकाईको प्रमाणिकरण:**

माथि उल्लेखित विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको व्यहोरा प्रमाणित गर्दछु । व्यहोरा फरक परेमा कानुनबमोजिम सहुँला बुझाउँला ।

प्रमाणित गर्नेको दस्तखत: ........................

नाम, थर: ........................

पद: ........................

कार्यालय र मिति: ........................

कार्यालयको छाप: ........................

**अनुसूची-२: पुनर्योग सम्बन्धी निवेदनको ढाँचा**

मितिः ........................

**श्री संयोजकज्यू,**

छात्रवृत्ति व्यवस्थापन समिति,

गौशाला नगरपालिका, महोत्तरी ।

**विषयः पुनर्योग सम्बन्धमा ।**

यस समितिबाट मिति ........................ मा प्रकाशित कक्षा ११ को छात्रवृत्ति परीक्षाको नतिजा अनुसार कायम योग्यता सूचीमा मेरो नाम समावेश नभएको / समावेश भएको तर योग्यता सूची उपर चित्त नबुझेकाले पुनर्योग गर्ने प्रयोजनका लागि स्वयं उपस्थित भई निम्नलिखित कागजात संलग्न राखी यो निवेदन गर्दछु ।

**संलग्न कागजातहरू:**

(१) रु ............ सक्कल बैंक भौचर वा राजस्व दाखिला गरेको प्रमाण ।

(२) प्रवेशपत्रको फोटोकपी ।

**निवेदकको विवरण:**

नाम, थर: .......................................

रोल नम्बर: .......................................

प्राप्ताङ्क: .......................................

सम्पर्क नम्बर: .......................................

दस्तखत: .......................................

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/ ०२/ २५ गते**

**प्रमाणीकरण मितिः २०८३/ ०२/ २७ गते**

**आज्ञाले,**

**ओम बहादुर अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**